## यस गाउँपालिकामा न्यायिक समितिमा दर्ता भएका उजुरी र किनारा लागेका उजुरीहरुको विवरण

दर्ता भएका उजुरीको संख्या : ४२
उजुरी किनारा लागेका : ३४
माथिल्लो निकायमा किनाराका लागि पठाईएका उजुरीहरू : ४

**यस गाउँपालिकामा भएका सामाजिक सुरक्षा भत्ता पाउने विवरण :**

| सामाजिक सुरक्षा विवरण | संख्या |
|---|---|
| जेष्ठ नागरिक | ११६३ |
| दलित जेष्ठ नागरिक | ३५१ |
| विधवा/एकल महिला | ७५१ |
| पूर्ण अपाङ्ग | ४६ |
| आंशिक अपाङ्ग | ९४ |
| दलित बालबालिका | ५९६ |

**यस गाउँपालिकामा दर्ता भएका व्यवसायहरु :**

| क्र.सं. | आ.व. | दर्ता भएका व्यवसायहरु |
|---|---|---|
| १. | ०७४/०७५ | ३७५ |
| २. | ०७५/०७६ | ७२ |
| ३. | ०७६/०७७ को हालसम्म | १३ |

**गाउँपालिकाको स्थापना पश्चात् गरिएका नमुना कार्यहरु :**

- जनता आवास कार्यक्रम अन्तरगत ५११ घरमा खरको छाना हटाई जस्ता पाता लगाई यस वर्ष खरका छाना मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य रहेको छ ।
- काठका पोलहरूको विस्थापन तथा नाङ्गो तारको हटाई भरपर्दो विद्युतिय सेवा प्रदान गर्ने कार्य तीव्ररुपमा अगाडि बढाइएको छ ।
- उज्यालो इस्मा कार्यक्रम अन्तरगत विद्युतको पहुँच नपुगेका घरहरूमा घरेलु सौर्य विद्युत प्रणाली जडान गरिएको छ । विद्युतको मिटर जडान गर्न नसक्ने परिवारका लागी विद्युत मिटर समेत वितरण गरी यसै आ.व.मा उज्यालो इस्मा घोषणा गर्ने कार्यक्रम राखिएको छ ।
- गाउँपालिका स्तरीय चक्रपथको विस्तृत परियोजना प्रतिवेदन तयार गरी यसै आ.व.मा ट्रयाक जोड्ने गरि कार्य अगाडि बढाईएको छ । गाउँपालिका भित्रका सम्पूर्ण वस्तीहरूमा सडकको पहुँच पगेको छ । वर्ष भरी नै सडक सुचारू गर्नका लागि ५० जना सडक हेरालुको व्यवस्था गरिएको छ ।
- खानेपानीको मुहान संरक्षणका लागि पुनर्भरण पोखरीको निर्माण कार्यलाई अभियानको रूपमा अगाडि बढाईएको छ ।
- निस्ती खानेपानी योजना सञ्चालनको प्रक्रियामा रहेको छ ।
- गाउँपालिका भित्र साना ठूला गरी ५ वटा सभाहलहरूको निर्माण गरिएको छ ।
- वोरिङ्ग पद्धतिबाट सिंचाईका लागि नमुनाको रूपमा वडा नं. २ मा योजना सम्पन्न गरिएको छ ।
- यस गाउँपालिकाका ३ वटा वडाहरूको कार्यालयलाई मर्मत संभार गरी भरपर्दो सेवा प्रदान गरिएको छ ।
- महिला सशक्तिकरण, उद्यमशिलता, क्षमता विकास तथा सीप विकास सम्बन्धी २१७ जनालाई विभिन्न तालिम प्रदान गरिएको छ । १२ सहकारीहरू दर्ता भइ सञ्चालनमा आएका छन् ।
- स्वरोजगारी प्रदान गर्ने उद्देश्यका साथ ६० जनालाई हाउस वयरिङ, प्लम्वीङ्ग र मेसन सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्र १६ कि.मी. बाटो SNRTP को सहयोगमा ग्राभेल गरिएको छ भने, संघीय सरकारको सहयोगमा मदन भण्डारी राजमार्ग अन्तरगत १० कि.मी. सडक कालोपत्रे भएको छ ।
- प्रदेश सरकारको सहयोगमा २०० जना अट्ने बहुउद्देश्यीय सभाहल र खेल मैदानको निर्माण गरिएको छ ।
- CTEVT सँगको साझेदारीमा वहुप्राविधिक शिक्षालयको स्थापनाको कार्य अगाडी बढेको छ ।
- संघीय सरकारको सहयोगमा वडा नं. ६ राङदल चौरमा शहिद लखन थापा अन्तरराष्ट्रिय रंगशालाको निर्माण कार्य अगाडी बढीरहेको छ ।
- गाउँपालिका स्तरीय औद्योगिक ग्रामको स्थापनाका लागि आवश्यक कार्य अगाडि बढेको छ ।
- माटोका भाडा (सेरामिक्स) बनाउने वस्तु विकास केन्द्र सञ्चालन ।
- प्रदेश सरकारको अनुदानमा जडीबुटी उद्यान स्थापना गरिएको ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकहरूलाई निःशुल्क परिचय पत्र वितरण गरिएको छ । साथै ग वर्गमा सूचीकृत अपाङ्गता भएका नागरिकहरूलाई निर्वाह भत्ताको व्यवस्था गरिएको छ ।

# इस्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

मुद्रणः न्यू रेसुङ्गा अफसेट प्रेस, पुतलीबजार, तम्घास, गुल्मी

*"कृषि, रोजगार, पर्यटन र पूर्वाधार, समतामुलक इस्मा सम्वृद्धिको आधार"*







# इस्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**इस्मा रजस्थल, गुल्मी**

## परिचय

दक्षिण एशियाली मुलुकहरूमध्ये संघीय लोकतान्त्रिक गणतन्त्रात्मक भूपरिवेष्ठीत प्राकृतिक, साँस्कृतिक, जातिय, धार्मिक, राजनीतिक, विविधता बीचको एकता भएको सुन्दर देश नेपालको ५ नं. प्रदेश अन्तरगत गुल्मी जिल्लाको उत्तरपश्चिम क्षेत्रमा अवस्थित इस्मा क्षेत्र ऐतिहासिक पृष्ठभूमिबाट नामाकरण भएको हो चौबिसे राज्य अन्तरगत इस्मा प्रारम्भमा ७०० कुरिया र २४ मौजाले बनेको थियो । शुरुवाती समयमा यस राज्यमा अर्ज्याल जातीले शासन गरेका थिए भने गोरखा राज्यमा विलय हुनुपूर्व ठकुरी जातिको शासन रहेको थियो । वि.सं. १८४३ अश्विन ४ गते इस्मा राज्य गोरखा राज्यमा विलय भएको थियो ।

वि.सं. २०७२ साल असोज ३ गते जारी भएको संविधानले व्यवस्था गरेको स्थानिय सरकारको अवधारणा वमोजिम ७५३ स्थानिय तह मध्ये ऐतिहासिक क्षेत्रको नामबाट नामाकरण भएको इस्मा गाउँपालिका हो ।

यस गाउँपालिकाको पूर्वमा मुसिकोट र रेसुङ्गा नगरपालिका, दक्षिणमा रेसुङ्गा नगरपालिका र धुर्कोट गाउँपालिका, पश्चिममा धुर्कोट र मालिका गाउँपालिका र उत्तरमा मुसिकोट नगरपालिका रहेका छन् । यस गाउँपालिकामा ६ वटा वडा रहेका छन् । जसमा साविकको हस्तिचौर गा.वि.स.लाई २ वटा वडा १ र २ मा विभाजन गरिएको छ भने दर्लामचौर, दोहोली, इस्मा रजस्थल र अमरपुर गा.वि.स.हरूलाई क्रमशः ३, ४, ५ र ६ वडाहरूमा विभाजन गरिएको छ ।

यस गाउँपालिकाको कुल क्षेत्रफल ८१.८८ वर्ग कि.मी. रहेको छ भने १२०५६ महिला र ८९०८ पुरूष गरी जम्मा २०९६४ (के.त.वि.) जनसंख्या रहेको छ । यसको औषत उचाई समुन्द्री सतहवाट १५०० मी रहेको छ । साविकको इस्मा रजस्थल गाविसको कार्यालय रहेको स्थानमा कार्यालय स्थापना गरी दैनिक सेवा प्रवाह गरिरहेको छ । गाउँपालिकाको स्थापना भए पश्चात् सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू र प्राप्त उपलब्धिहरूको विवरण निम्नानुसार रहेको छ ।

## कृषि

कृषि पहिलो प्राथमिकतामा राख्दै ५०% अनुदानमा यान्त्रीकरणहरू (मिनिटिलर, कनसेलर, कोदो थ्रेसर, च्यापकटर, त्रिपाल, प्याड ह्वील, फाली, स्प्रे) वितरण गरिएको । साना सिचाई, भकारो सुधार, प्लाष्टिक पोखरी निर्माण, विभिन्न तालिम तथा गोष्ठी, कृषक पाठशाला, कागती प्रवर्दन कार्यक्रम सञ्चालन गरिएको साथै तरकारीको विउ, आलुको विउ, अदुवाको विउ, धानको विउ, जिंक, विषादि र आँप लिचि विरुवाहरू ५०% अनुदानमा वितरण गरिएको ।

## पशु विकास

पशुविकास कार्यक्रम अन्तरगत पशुपंक्षीलाई निःशुल्क रूपमा औषधि वितरण, पशुपंक्षीहरूको लागि खोर तथा गोठ सुधार कार्यक्रम– ५९ जना, प्रतिफलमा आधारित उत्पादन कार्यक्रम–६१ जना , नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम ४६ वटा (गाई,भैंसी,बाखा), पशुपालन सम्बन्धी तालिम–४७५ जना लाभान्वित भएका, पशुपंक्षी तथा बाली बीमा कार्यक्रम (गाई,भैंसी,बाखा)–८०० वटा, निःशुल्क रूपमा उन्नत जातको घासको बिउ तथा बेर्ना वितरण–१२०० वटा, पशुपंक्षीको खोप कार्यक्रम–२०० वटा, रेबिज खोप कार्यक्रम कुकुर, बिराला–११०० वटा, दुग्ध व्यवसाय प्रर्वधन – २ वटा समुह, ब्याड बोका तथा राँगो वितरण कार्यक्रम–२० वटा, गाउँपालिका का सबै वडाहरूमा पशु प्राविधिक ब्यवस्थापन, गाउँपालिकाका सबै वडाहरूमा पशु ल्याब तथा फर्निचर

## शिक्षा

- निःशुल्क शिक्षाको कार्यान्वयनको शुरूवात, परीक्षा व्यवस्थापन तथा सञ्चालन प्रक्रियामा सुधार, अभिभावकलाई आर्थिक भारमा कमी ल्याउनको लागि गाउँपालिका स्तरीय निःशुल्क परीक्षा संचालनको व्यवस्था (१-१२) छात्राहरूको विद्यालय उपस्थिति दरमा वृद्धि एवं प्रजनन स्वास्थ्यमा सुधार ल्याउनका लागि नि.मा.वि. र मा.वि तहका छात्राहरूका लागि सुरक्षित महिनावारीका लागि सेनेटरी प्याड विद्यालयमा निःशुल्क उपलब्ध गराइएको,
- बालबालिकाहरूलाई सहज एवं स्वास्थ्य सम्बन्धी शिक्षाको पहुँचका साथै वालमैत्री बाल विकास केन्द्र सञ्चालन गरिएको ।
- पेशागत सक्षमतामा अभिवृद्धि, वालमैत्री कक्षा संचालन, सिकाइ उपलब्धी सुधारका लागि बालविकास सहयोगी कार्यकर्ता, आधारभूत तहका शिक्षकहरूका लागि विषयगत तालिम संचालन ।
- जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने नारालाई मूर्तरूप दिनका लागि दरबन्दी मिलानको कार्य सुरूवात गरिएको छ ।
- विद्यालयहरूमा ICT सामग्री तथा विज्ञान सामग्री वितरण ।
- सिकाइ सुदृढिकरण कार्यक्रम अन्तर्गत शिक्षण सहयोग अनुदान ।
- शिक्षामा क्षमता वृद्धि गर्नको लागि शिक्षक सेवा आयोगको प्रा.वि. तह तयारी कक्षा संचालन ।

## स्वास्थ्य

यस गाउँपालिकाको वडा नं. २ र ४ मा सामुदायिक स्वास्थ्य एकाई स्थापना, स्वास्थ्य चौकीहरूमा निःशुल्क औषधि तथा आवश्यक फर्निचरका साथै अक्सिजन सिलीन्डर सेट, ग्यास हिटर, स्टेचर, न्युवुलाईजर सेट लगायतका अति आवाश्यक सामग्री वितरण, महिलाहरूको पाठेघरको मुखको क्यान्सरको जाँच, अपाङ्गहरूलाई ह्वील चियर लगायतका सहायता सामग्री वितरण, आखाँको निःशुल्क अप्रेशन, निःशुल्क चस्मा र औषधि वितरण लगायतका अन्य निःशुल्क स्वास्थ्य शिवीर संचालन, गर्भवतीहरूलाई निःशुल्क एम्बुलेन्स सेवा, क्याल्सियम, आइरन चक्की वितरण, गर्भवती उत्प्रेरणा भत्ता वितरण, सुत्केरीहरूलाई कोशेली सहितको घर भेट कार्यक्रम, वडा नं. २ मा वर्थिङ सेन्टर स्थापना, वडा नं. ५ र ६ का स्वास्थ्य चौकीमा ल्याब सेवा संचालन, महिला स्वास्थ्य स्वंयम सेवीकाहरूलाई प्रोत्साहना भत्ता वितरण, सम्पूर्ण स्वास्थ्य चौकीमा कम्प्युटर तथा इन्टरनेट जडान, विपन्न नागरिक औषधि उपचार राहत वितरण आदि ।

## खानेपानी तथा सरसफाई

यस गाउँपालिकाले खानेपानीलाई प्रमुख प्राथमिकतामा राखेर एक घर एक धारा अगाडि बढाएको छ । जस मध्ये मिटर सहितको खानेपानीको सुविधा विस्तार अन्तरगत हाल सम्म सम्पन्न भैसकेका खानेपानी तथा सरसफाई योजनाहरूमा चाँपटारी, दमार, रातामाटा लिफ्टिङ्ग खानेपानी तथा सरसफाई योजना, चौरासी खानेपानी तथा सरसफाई योजना, केही संरचनाहरू सम्पन्न भएका र केही संरचनाहरू निर्माणाधिन अवस्थामा रहेका खानेपानी तथा सरसफाई योजनाहरूमध्ये निरन्तर खानेपानी योजनाले गाउँपालिकाको वडा नं.१, ३, ४ र ५ का अधिकांश नागरिकहरूलाई स्वच्छ खानेपानीको उपलब्धता कायम गराउने कार्यलाई तीव्रता दिएको छ । त्यस्तै अमरपूर खानेपानी योजना, डोटेकारह देउराली लिफ्टीङ्ग खानेपानी योजना, आठमाने लिफ्टीङ्ग खानेपानी योजना, हस्तीचौर दुन्दुर खोला लिफ्टीङ्ग खानेपानी योजना, सिस्ने काफ्लारुख लिफ्टीङ्ग खानेपानी योजना, ढाणखोला लिफ्टीङ्ग खानेपानी योजना, वुल्म खानेपानी योजना, तिजुगैरा लिफ्टीङ्ग खानेपानी योजना, जुकेपानी वजाउने डाँडा वनगाउँ लिफ्टीङ्ग खानेपानी योजना, तिजुखर्क दरिनढुङ्गा लिफ्टीङ्ग खानेपानी योजनाहरू रहेका छन् । सवै खानेपानी तथा सरसफाई योजनाहरू यस आ.व.सम्पन्न हुदा २९०१ धुरीहरूमा मिटर सहितको खानेपानी सुविधा विस्तार हुनेछ, भने हाल ३५३ घरधुरीहरूमा मिटर प्रणालीवाट खानेपानी सुविधा विस्तार भै सकेको छ ।

यस गाउँपालिकामा पूर्ण सरसफाईका विभिन्न क्रियाकलापहरू सञ्चालन भै रहेका छन । वातावरणीय सरफाइ अन्तरगत फोहोर संकलनका लागी डष्टविन वितरण गरिएको छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- बेरोजगारहरूका लागि अभिमुखिकरण कार्यक्रम
- सूचिकृत बेरोजगार हालसम्म जम्मा : १७११
- कामका लागि पारिश्रमिकमा आधारित आयोजना संख्या : १२
- कामका लागि पारिश्रमिक आयोजनामा संलग्न व्यक्तिको संख्या : १३८
- सडक निर्माणमा कुल रोजगारी दिन संख्या : ४१४०

## सेवा प्रवाह तथा सूचना प्रविधि

गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरूस्त, पारदर्शी, भरपर्दो, मतव्ययी र गुणस्तरीय बनाउनको लागि आवश्यक जनशक्तिलाई करार सेवामा लिई सेवा प्रवाह गरिएको छ । वेबसाइट तथा सामाजिक सञ्जाल निरन्तर सञ्चालनमा (Ismamun.gov.np, facebook,twetteretc, सबै वडा कार्यालय तथा गाउँपालिकाको कार्यलयमा इन्टरनेट पुगेको । WPN सञ्चालनको अन्तिम चरणमा, सबै वडा कार्यालय तथा गाउँपालिकाको कार्यालय, स्वास्थ्य संस्था, विद्यालय गरी ३६ वटा कार्यालयहरूमा विद्युतीय हाजिरी जडान, गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्था, इस्मा प्रहरी चौकीमा इन्टरनेट पुगेको, कक्षा ५ वा सो भन्दा माथि कक्षा सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयहरूमा कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर सहितको ल्याब पुगेको, ३ वटा वडा कार्यालयहरूले पञ्जिकरण अनलाइन प्रणालीबाट सञ्चालित, सबै वडाका सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण VERSP-MIS मा परिवृस्त, योजना राजश्व तथा जिन्सी सफ्टवेयर प्रणालीबाट सञ्चालित, लेखा पूर्णरूपमा SutRA तथा CGAS सफ्टवेयर प्रणालीबाट सञ्चालित, गाउँपालिकाको आफ्नै अडियो नोटिस बोर्ड सञ्चालनमा (१६१८०७०७०७९०१), जनप्रतिनिधि, कर्मचारी तथा सहकारीका लागि विभिन्न क्षमता विकास तालिम, कम्प्युटर तालिम प्रदान गरिएको, डिजिटल नागरिक वडापत्र आदि ।